## आराम्भ गर्नु ...सपना देख्न आराम्भ गर्नु

उत्पतिको सुरुवातसँगै परमेश्वर आफुले रचेको सृष्टिको पुर्ण अन्यौल देख्दै हुनुहुन्छ । हामीलाई यो भनिएको छैन कि, यो किन भयो ? यद्यपि जे उहासाग थियो, त्यसमा परमेश्वर असन्तुष्टि हुनुहुन्थ्यो र उसबाट उहाँमा एक उत्तमदिनको सपना देख्ने अवसर मिल्यो । कुनै न कुनै समय हामी सबै यस्तो अवस्थाको सामना गर्छौं कि हामी हाम्रो जीवन वा आफ्नो संसारमा केही न केही परिवर्तन गरौ । यो समय एउटा अवसर उत्पन्न गराउँदछ कि हामी त्यस क्षणको भरिपुर्ण लाभ उठाऔ र आफ्नो भविष्यको लागि एउटा नयाँ सपना, परमेश्वरको सपना अँगालौ ।

जसरी तपाई हामी आफ्नो जीवनलाई नियाल्छौ भने, त्यस्तो क्षेत्र पाउछौ जहाँ एकाग्रहको आवश्यकता छ भने परमेश्वरको प्रेरणा माग्नुहोस् र सपना देख्न सुरु गर्नुहोस्............ कल्पना गर्नुहोस् जुन कुरा अहिले छ, त्यसको अपेक्षा के-के गर्न सक्नुहुन्छ र स्मरण गर्नुहोस् कि परमेश्वरमा सबै कुरा सम्भव छ ।

आजको लागि प्रार्थना :

हे स्वर्गीय पिता, मेरो जीवनको लागि तपाईको सपनाद्धारा मलाई प्रेरणा दिनुहोस् र मलाई अझ तपाई जस्तै बनाउनुहोस् मैले जसरी आफैमा सिमा लगाएको छु, त्यसलाई हटाउनुहोस् र मेरो आफ्नो सिमारेखालाई पुनः खिच्नलाई मलाई सहायता गर्नुहोस् ताकि तपाईले ममा जुन सामर्थ्य हालिदिनु भएको छ त्यसमा म पनि सहभागी हुनसकु मेरो कल्पनालाई खोल्नुहोस् र मलाई सबै डर र भयबाट छुटकारा दिनुहोस् ।

आजको लागि वचन :

भजनसंग्रह १२६: १ जब परमप्रभुले सियोनको कैदलाई फर्काएर ल्याउनुभयो, तब हामी ता सपनामा जस्तै भयौ ।

अयुब ३३ : १४-१६ निश्चय परमेश्वर धेरै प्रकारले बोल्नुहुन्छ यद्यपि मानिसले त्यो सुन्न सक्दैन । सपनाहरुमा, रातको दर्शनहरुमा जब मानिसहरु मात्र निद्रामा परेका हुन्छन् जब तिनीहरु आफ्ना ओछ्यानमा सुतेका हुन्छन् तब परमेश्वर तिनीहरुको कानमा बोल्नुहोला र उहाँको शिक्षाले तिनीहरुलाई भयभित पार्नुहुन्छ ।

## सपनाको योजना हुदैन

सपना योजना हुदैन । उत्पति १ : २ मा जब परमेश्वरले संसार अन्धकारमा देख्नुभयो, तब परमेश्वरको आत्मा पृथ्वीमाथी परिभ्रमण गर्नुभयो, र योजना बनाउन उचित समय लिनुभयो ।

हाम्रो जीवन रेफ्रिजेनेटर बन्नको लागि तयार गरिएको होइन तर इनक्युबेटर बन्नको लागि ताकि परमेश्वरको भविष्यको कार्य विकास हुदै जाओस् । यस प्रक्रियाको उत्तम नाम 'मनन्' हो यो जान्नु पर्दछ कि हाम्रो पहिलो कदममा के परिवर्तन ल्याउन चाहन्छौ । यो जान्नु पर्छ कि यो कसरी परिवर्तन हुन्छ, एउटा योजनाको आवशयकता पर्दछ । आफ्नो जीवनको लागि परमेश्वरको स्वप्न देख्नुहोस् र आफु- आफैलाई प्रेरित गर्नकोलागि परमेश्वरले दिनु भएको समय र अवसरको योजना बनाउन सुरु गर्नुहोस् । प्रार्थनामा निरन्तर आफ्नो स्वप्न परमेश्वरको सामु लिएर जानुहोस् र उहाँले आफ्नो अर्को कदम तपाईलाई देखाउनुभएको होस् ।

आजको लागि प्रार्थना :

हे, प्रिय परमेश्वर मआफ्नो जीवनको लागि तपाईको स्वप्नमा सफल हुन चाहन्छु । म मा योजना निर्माण गर्नुहोस् र मलाई प्रत्येक कदम लिन सहायता गर्नुहोस् ।

आजको लागि वचन :

हितोपदेश ३ : ५-६ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नो समझशक्तिमा भर नपर्, आफ्नो सारा मार्गमा उहाँलाई सम्झी र उहाँले तेरो मार्गहरु सोझा तुल्याई दिनुहुनेछ ।

यहोशु १ : ८ व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस् तर त्यसमाथि तैले दिनरात ध्यान गर्नु अनि त्यसमा लेखिएका सबै कुरा होशियारी साथ पालन गर्नु र तेरा सबै मार्गहरुमा तैले उन्नती गर्नेछस् र सफलता पाउनेछस् ।

## सपनाको घोषणा गर

उत्पतिमा परमेश्वरले स्वप्न देखनु भयो कि अब संसार कहिलयै पनि अन्धकारमा रहदैन । उहाँले आफ्नो सबै उपायहरुलाई ध्यान दिनुभयो र आफ्नो योजनाको विकास गर्नुभयो तर यो वास्तविक बन्न सुरु गरेन जबसम्म उहाँले आफ्नो पहिलो कदम उठाउनु भएन र भन्नुभयो 'त्यहाँ उज्यालो होस् ' परमेश्वरले उहाँको स्वप्नको धोषणा गर्नुभयो र संसारलाई बताउनुभयो कि सबै कुरा बदल्नेछ । जब हामीलाई परिवर्तनको आवश्यकता छ र हामीलाई परमेश्वरको प्रेरित योजना प्राप्त गरेका मछौ, हामी हाम्रो विशवासको घोषणा गर्दै र संसारलाई यो बताउदै कि अब सबै कुरा बदल्नेछ, यस परिवर्तनको आरम्भ  हामी गर्न सक्छौ ।

प्रभु येशु हामीलाई निर्देशन दिनुहुन्छ कि हामी हाम्रो पहाड झै विश्वासमा बोलौ । केवल स्वप्नदेखेर वा योजना बनाएर मात्र केहि परिवर्तन हुदैन परमेश्वरले ब्रम्हाण्डलाई आदेश दिनुभयो र उसलाई आज्ञा पनि दिनुभयो कि उसले तपाईको विश्वासको घोषणाको प्रतिउत्तर दिओस् । विश्वासको साथ तपाईको स्वप्नको घोषणा गर्न आरम्भ गर्नुहोस् ।

आजको लागि प्रार्थना :

हे प्रिय प्रभु मेरो जिब्रोलाई तपाईको साधन बनाउनुहोस् र मद्धारा तपाईको इच्छा अस्तित्वमा आउन बोल्नुहोस् । मेरो मुखमा एउटा पाले खटाउनुहोस् र मेरो ओठको रखवाला गर्नुहोस् । येशुको नाउमा तपाईको इच्छालाई जीवित पार्नको लागि मेरो शब्द प्रयोग गर्नुहोस् ।

आजको लागि वचन :

अयुब २२ : २८ तपाईले जे निर्णय गर्नुहुनेछ, त्यो पुरा हुनेछ, तपाईको बाटोमा ज्योती चम्कनेछ ।

भजनसंग्रह २ : ७ परमप्रभुको यो आदेश म घोषणा गर्नेछु ।

मर्कुस ११ : २३ साच्चै म तिमीहरुलाई भन्दछु यदि कसैले आफ्नो हृदयमा शंका गर्दैन तर आफुले भनेका कुरा पुरा हुन्छ भनि विश्वास गरेर 'यस पहाडलाई उखिलिएर त समुन्द्रमा खस् ' भन्यो भने त्यसकोलागि त्यस्तै हुनेछ ।

## खराब निर्णय, गलत निर्णय र ठुलो गल्ति समस्या होइन तर यो प्रक्रियाको अंग हो ।

जीवन धेरै कुराको निर्णयहरु मिलेर बनेको हुन्छ, यसमा केहि सहि हुन्छन् केहि गलत प्रमाणित हुन्छन् र केहि त बढी मँहगो पनि पर्न जान्छ । जब हामी न्यायको समयमा गलत गर्छौं तब परमेश्वर कहि पनि होइन तर हामीहरुको साथमा नै हुनुहुन्छ । यो जुन कुरा हामीहरुलाइ असफलता जस्तो देखिन्छ, हुन सक्छ यो एक यस्तो अवसर हुनसक्छ जसद्धारा परमेश्वर हामीहरुलाई केहि सिकाउन चाहनुहुन्छ र हामीहरुलाई हाम्रो जीवनको अन्त्यन्त महान् समयमा लैजानुहुन्छ ।

कहिले-काहिले जुन निर्णय खराब, गलत वा कुनै अझ बढी गलत प्रमाण, हुनसक्छ तर तपाईलाई त्यो समस्या हुदैन जसरी तपाई आरम्भमा सोच्नुहुन्छ ।

तर अझ परमेश्वरको योजनाको अंग हुनसक्छ जसले तपाईलाई प्रयोगको लागि ढाल्दछ, प्रशिक्षण दिदछ र तपाईको महान दिनको लागि उत्तम तयारी गराउदछ । हामी आफ्नो गलतमा शिक्षा सिक्नको लागि तत्पर रहनु पर्छ र अपेक्षा गर्नुपर्दछ कि परमेश्वरले उनीहरुको प्रयोग कुनै न कुनै रुपमा उहाको लाभको लागि गर्नुहोस् ।

### आजको लागि प्रार्थना :

हे परमेश्वर म सबै कुरा तपाईको दृष्टिकोणबाट हेर्न चाहन्छु । मलाई सिकाउनुहोस्. कि म ती कुराहरुलाई लिएर हतोत्साहि न हुँ जहा म परिवर्तन हुन सक्दिन । मलाई अनुग्रह दिनुहोस् र मेरो गलितमा पाठ सिक्ने अवसर दिनुहोस् ताकि म तपाईको सेवाको लागि अझ लाभदायक बन्न सकु ।

### आजको लागि वचन :

२ कोरन्थी ४:१७-१८ किनकी हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रो निमित अतुलनिय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ हामी दृष्य कुरालाई होइन तर अदृष्य कुरालाई हेर्छौं किनभने दृष्य कुरा क्षणिक हुन्छन् तर अदृष्य कुरा चाहि अनन्तसम्म रहन्छन् ।

प्रस्थान १ : १२ तर जति-जति उनीहरुले तिनीहरुलाई सताए उति-उति तिनीहरुको संख्या बढ्न लाग्यो र तिनीहरु झन्-झन् फैलिदै गए ।

रोमी ८ : २८ हामी जान्दछौ उहालाई प्रेमगर्नेहरु र उहाँका अभिप्राय अनुसार बोलाईएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ ।

**हामी जे सोच्दछौ यसरी सोच्दछौ र जे महशुस गर्छौ यसरी महशुस गर्छौ हामी जे चाहन्छौ यसरी चाहन्छौ जसरी हामीले विश्वास गर्दछौ । पुर्णतामा विश्वासमा गर्दछौं ।**

सबैको आधार हामी जे सोच्दछौ जसरी महशुस गर्दछौं र जे कुरा चाहान्छौ यी सबै कुराको आधार यो हो कि हामी के विश्वास गर्दछौं । यो सबै ठिक हुन्छ यदि हामी सही कुरामा विश्वास गर्दछौं । यद्दपि कोही मानिसहरु, विनाकारण डर, अवास्तविक आशामा, व्यर्थको चिन्तामा र बेफाइदाको फिक्रीद्वारा नियन्त्रित भएका छन् । अरु मानिसहरु यही विश्वासको कारण कोही अन्धकारमा छन् ,कोही परमेश्वरमा नै छैनन् ।

हामी जे सोच्दछौ र महशुस गर्दछौं यसरी महशुस गर्दछौं की हामी जे चाहन्छौ यो चाहन्छौ जसरी हामी विश्वास गर्दछौं यद्दपि हामी जे विश्वास गर्दछौं त्यो सत्य पनि नहुन सक्छ । त्यहाँ सत्यको एउटा परीक्षा छ परमेश्वरको वचन बाईबल, परमेश्वरको वचन तपाईको, तपाईको जीवन र तपाईको भविष्यको बारेमा के भन्छ ? पत्ता लगाउनुहोस् र विश्वास गर्न सुरु गर्नुहोस् । यसमा पर्याप्त समय र ध्यान दिनसुहोस् र तपाई जे सोचनुहुन्छ ; महशसु गर्नुहुन्छ र चाहनुहुन्छ ती सबै बदल्नेछ ।

आजको लागि प्रार्थना :

हे पिता तपाईको वचन सिकाउनुहोस्, म यसलाई आफ्नो हृदयमा लुकाउछु ताकी म तपाईको विरुद्धमा पाप नगरुँ, तपाईको वचनको माध्यमद्धारा मसँग बोलनुहोस् र मेरो भविष्यको लागि तपाईको योजना र तपाईको सोच देखाउनुहोस् । सबै डर र गल्ती टाढा राख्न मलाई अनुग्रह गर्नुहोस् । म तपाईको वचनलाई विश्वास गर्न छान्दछु ।

आजको लागि वचन :

युहन्ना १७ : १७ तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।

भजनसंग्रह १९ : १४ मेरो मुखका शब्द र मेरो हृदयको ध्यान तपाईको दृष्टिमा ग्रहण योग्य होऊन ।

मर्कुस १२ : २४ येशुले तिनीहरुलाई भन्नुभयो “तिमीहरु भलमा परेको कारण यही होइन र ? कि न ता तिमीहरु धर्मशास्त्र जान्दछौ न परमेश्वरको शक्तिलाई जान्दछौ ?

जनवरी ६

## हामी जे भन्छौ त्यही भनिनेछ

आजको यो आधुनिक विज्ञानको संसारमा यो ध्यान दिनु महत्वपूर्ण छ कि हामी जे भन्छौ किनकी हामी जान्दैनौ को-को सुनिरहेका छन् । चाहे हामी आफ्नो मोबाइल फोनमा सबैको सामुन्ने कुरा गरौ वा चाहे हाम्रो कार्यालयको छेकबार पातलो पर्खाल होस् , सामान्यतया मानिसहरु त्यो कुरा सुन्न पुग्छन्  जुन कुरा उनीहरु सुन्न कहिल्यै चाहदैनन्र , यद्दपि यसमा हामी अचम्मित हुनु पर्दैन ।

परमेश्वरको वचन स्प्रष्ट छ : तपाई जे भन्नुहुन्छ त्यो गनिनेछ । दुर्भाग्यावस, जब कुराकानी दोहोऱ्याइन्छ तब धेरै पल्ट यस्तो हुन्छ कि इच्छित अर्थ सधै स्थानान्तर हुन पाउदैन । यसैले यो उत्रम हुन्छ कि यस्तो व्यर्थको बाचितमा हामी आफै नलगाउ जसरी हामी चाहन्छौ कि अरु मानिसहरुले नसुनोस् । सायद यसैले भजनकार परमेश्वरसँग भननुहुन्छ कि “मेरो मुखमा पाले राख्नुहोस् र मेरो ओठको रखवाला गर्नुहोस् । यदि तपाई जान्नुहुन्छ कि सबै मानिसहरु सुनिरहेका छन् तपाई के कुराकानी गर्नुहुन्न ?

<u>आजको लागि प्रार्थना :</u>

हे पिता तपाईको वचन यो भन्छ कि जो व्यक्ति आफ्नो वचनमा चुक्दैन उ शुद्ध व्यक्ति हो, म जानदछु कि जिब्रोमा यो क्षमता छ कि यो सम्बन्धमा आगो पनि लगाउछ र सबै भनदा धनिष्ठ मित्रमा अलग पनि गराँउछ । मेरो जिब्रोमा लगाम लगाउनुहोस् र मेरो मुखमा पहरेदार खटाउनु सहायत गर्नुहोस् ।

<u>आजको लागि वचन :</u>

उपदेशक १० : २० आफ्नो सोचाईमा पनि राजाको निनदा नगर, धर्तिलाई आफ्नो कोठामा नसराप । किनकी आकाशको पानीले तिम्रो कुरा लैजाला र उडिरहेको चराले तिमीले भनेका कुरा बताइदेला ।

लुका १२ : ३ यसकारण जे तिमीहरुले अध्यारोमा भनेका छौ, त्यो उजयालोमा सुनिनेछ । गुप्त कोठामा भनेका कुरा घरको धुरीबाट प्रचार हुनेछ ।

भजनसंग्रह १४१ : ३ हे परमप्रभु मेरो मुखमा एउटा पाले राखिदिनुहोस् !

## हामीले जे गर्छौं त्यो पत्ता लाग्नेछ

कैदहरु र बन्दीगृहमा धेरै मानिसहरु यसरी भरिएर रहेका हुन्छन् । जो हरु यो कायृ गरे जुन गर्दैनथे, उनीहरुलाई यति मात्र थाहा थियो कि जुन काम उनीहरु गरिरहेका छन् त्यो कामको बारेमा सबैलाई पत्ता लाग्नेछ । उनीहरु के सोचिरहेका हुन्थे ? यदि तिनीहरु यस्तो जीवनमा एक पल्ट फसे भने तिनीहरु बाहिर आउन सक्दैनन् । सबै कुरा प्रकट हुनेछ  कि त यो जीवनमा या ख्रिष्टको न्याय सिंहासनको सम्मुखमा ।

तपाईले जे गर्नुहुन्छ त्यो पत्ता लाग्नेछ ! यो सत्य हो एउटा कुरामा हामी आत्माविश्वासी छौ कि हामी यस्तो कार्य गर्दै नगरौ जसले हामी यो चाहदैनौ कि अरुहरु यो सब जानुन । पवित्र धर्मशास्त्र स्प्रष्ट छ र यसको शिक्षाले हामीलाई सिधा र साँघुरो मार्ग बनाइ राख्दछ । परमेश्वर गुप्तमा गरेको भलो कामको प्रतिफल सबैको सामुन्ने दिनुहुन्छ ...तपाई जे गर्नुहुन्छ त्यो पत्ता लाग्नेछ ।

आजको लागि प्रार्थना :

हे परमेश्वर म र मेरो प्रिय मित्रहरुलाई असल ज्ञान दिनुहोस् ताकी हामी यस्तो काम नगरौ जसद्धारा तपाई अप्रशन्न हुनुहुन्छ र जसद्धारा तपाईको नाँउमा अनादर ल्याँउदछ । मलाई याद गर्न सहायता गर्नुहोस् कि म एउटा विश्वासी ख्रिष्टीयन हुँ र ख्रिष्टियन जीवन जीउनु, सत्य र धर्मी बन्ने निर्णय लिनु मेरो जिम्मेवारी हो ।

आजको लागि वचन :

लुका १२ : २ छोपिएको यस्ता कुनै कुरा छैन, जो प्रकट हुने छैन र छिपेको छैन जो थाहा लाग्नेछैन ।

मत्ति ६ : ४ तिम्रो दान गुपतमा होस् र गुप्तमा देख्नुहुने तिम्रो पिताले तिमीलाई इनाम दिनु हुनेछ ।

एफिसी ६ : ८ यो जानेर कि चाहे तयो कमारा होस् , चाहे फुकुवा जसले असल काम गर्दछ त्यसले प्रभुबाट सोही बमोजिम पाउनेछ ।

## तपाई जे विश्वास गर्नुहुन्छ त्यसको जाँच हुनेछ

यो उखान जहाँ किसान आफ्नो खेतमा बिउ छरिरहेको थियो , तुरुन्त त्यहाँ चराहरु खेतमा नयाँ बीउहरु चोर्ने प्रयासले आए । केहि समय पछि आफ्नो चेलाहरुलाई उखानको अर्थ बुझाउदै प्रभु येशु भन्नुहुन्छ कि बीऊ वास्तबमा परमेश्वरको वचनको प्रतिक हो । खेत मानिसको हृदय हो, जब कि पंक्षी शैतानको प्रतिक हो । प्रभु येशुले भन्नुभयो "शैतान तुरुन्त आएर उनीहरुको हृदयबाट वचन चोरेर लैजान्छ ।"

शैतान हाम्रो शत्रु हो र हामी परमेश्वरको बारेमा, उहाँको भलाई र उहाँको प्रेमको बारेमा जे कुरा विश्वास गर्दछौ त्यो सबैको जाचको प्रत्येक अवसरको फाइदा उठाउँदछ । जब शैतान अदनको बगैचामा हव्वासँग कुरा गरेको थियो त्यो समयमा पनि यही प्रक्रिया देखिन्छ । फेरि उसले हव्वाको विश्वासलाई जाँच्यो कि जुन हव्वा जान्दथी कि परमेश्वरले उसलाई के भन्नुभएको थियो । हव्वा त्यस परीक्षामा असफल भइन् जब तपाई परीक्षामा पर्नुहुन्छ तब तपाई के गर्नुहुन्छ ?

आजको लागि प्रार्थना :

हे स्वर्गीय पिता, मलाई जीवनको हरेक परीक्षाको घडीमा सफल बनाउनुहोस् र त्यो सत्यता पक्रिराख्न बल दिनुहोस् जुन मैले तपाईको वचनमा सिकेको छु । मलाई मेरो सामर्थ्य भनदा बढी गह्रौ परीक्षामा पर्न नदिनुहोस् ।

आजको लागि वचन :

उत्पति ३ : १ -५ परमप्रभु परमेश्वरले बनाउनु भएका वन्य पशुहरुमध्ये सर्प सबै भन्दा धुर्त थियो । त्यसले स्त्रीलाई भन्यो "के परमेश्वरले तिमीहरुलाई बगैचाको कुनै पनि रुखको फल नखानु भनी भन्नु भएको छ ?" स्त्रीले सर्पलाई भनिन, "बगैचाका रुखहरुका फल हामी खान सक्छौ, तर बगैचाको बीचमा भएको रुखको फलको विषयमा परमेश्वरले भन्नुभएको छ 'त्यो चाँहि नखानु र नछुनु नत्रता तिमीहरु मर्छौ'। सर्पले स्त्रीलाई भन्यो, "तिमीहरु कदपि मर्दैनौ । किनकी परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरुका आँखा खुल्नेछन् र असल र खराबको ज्ञान पाएर तिमीहरु परमेश्वर जस्तै हुनेछौ ।"

जनवरी ९

## हामी जे सम्झौता गरेर राख्छौ, त्यो हाम्री गुमाउदछौ ।

धेरै जसो मानिसहरुमा असल चरित्र छ र नैतिक व्यवहार पनि सही छ हामी बाल्य अवस्थादेखि नै सिक्छौ कि चोरी गर्न, धोका दिन, झुठ बोल्न र यस्तो गलत कार्य गर्न । साधारणतया हाम्रो व्यवहार हामीहरुको नैतिक ममुल्यद्धारा नियन्त्रित र सिद्धान्तको भावनाद्धारा मार्ग दर्शक हुन्थ्यो । कहिले-कहिले हामी आफ्नो लाभको लागि आफ्नो आतम सम्मानसँग सम्झौता गर्ने प्रलोभनसँग हामी सामना गर्न पुग्छौ ।

त्यहा एक सम्झौताको नियम हुनछ , यद्दपि यो भनिन्छ कि जुन वस्तु सम्झौता गरी आफुसँग राखिन्छ । त्यो तिनीहरुले हराउनेछन् । रुचिमय कुरो यो छ कि यो सिद्धान्त परमेश्वरको वचनमा पनि पाउदछौ । खिष्टियन हुनको लागि आफैलाई इन्कार गरी आफ्नो क्रुस उठाएर खिष्टको पछि लाग्नुपर्छ भनी भनिएको छ, अगाडि हामीलाई यो भनिएको छ कि यदि विपरित हामी आफ्नो जीवन बचाउन चाहन्छौ भने अन्त्यमा हामी गुमाउदछौ । हामी जे प्राप्त गर्नको लागि सम्झौता गर्दछौ त्यो हामीले कहिल्यै पाउन सक्दैनौ ।

आजको लागि प्रार्थना :

हे परमेश्वर, मलाई मेरो आफ्नो सिद्धान्त अनुसार जीउनको लागि बल दिनुहोस् , जुन सिद्धान्त मैले तपाईको वचनबाट सिकेको छु मलाई आफ्नो सबै कुराहरुमा इमान्दार हुन सहायता गर्नुहोस् र यसको लागि म मेरो आत्मसम्मान खराबको लागि अस्थाई फाइदाको लागि बेच्न नसकुँ ।

आजको लागि वचन :

मर्कुस ८ : ३४-३५ तब उहाँले आफ्ना चेलाहरका साथमा भीडलाई आफुकहाँ बोलाएर तिनीहरुलाई भन्नुभयो "कोही मानिस म पछि लागने इच्छा गर्दछ भने त्यसले आफुलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् । किनकी जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ त्यसले त्यो गुमाउनेछ, तर मेरो र सु-समाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ ।

मत्ती १६ : २६ सारा संसार प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने मानिसलाई के लाभ हुन्छ ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ ?

## जब हामी त्यो मात्र गर्दछौ जुन गर्न हामी सक्षम छौ तब सायद परमेश्वर केहि गरिरहनु भएको हुदैन

धेरैपल्ट हामी आफ्नो क्षमतामा जीइरहन छनोट गर्छौं, र आफ्नो क्षमताभन्दा बढी प्रयत्न गर्न हामी डराउदछौ । हामी भुल्दछौ हामी सर्वशक्तिमान परमेश्वरको सेवा गर्दछौ जसले ब्रम्हाण्डलाई आफ्नो वचनले रच्नुभयो र संसार यस्तो वस्तुबाट बनाउनुभयो जुन अदृष्य थियो । परमेश्वर असम्भव कुरालाई सम्भव बनाउन विशेषज्ञ हुनुहुन्छ ।

हामीमा जो प्रत्येक मानिस त्यो कार्य गर्न, जुन परमेश्वरले गर्नको निम्ति बोलाउनु भएको छ, तब सम्म हामी त्यो कार्य गर्न सकदेनौ, जब परमेश्वरले पुर्ण अलौकिक हस्तक्षेप गर्नुहुन्न । मोशाद्धारा लाल समुन्द्र विभाजन गरिएको र एलियाद्धारा आगो स्वर्गबाट बोलाईएको, पत्रुसद्धारा पानी माथि हिड्न साथै मरियमले येशु ख्रिष्टको चिहानमाथिको ढुङ्गा पल्टाईदिनु भएको, यहासम्म हामी सबैको लागि अलौकिक हस्तक्षेपको आवश्यकता छ जब हामी परमेशवरमाथि विशवास गर्छौं केहि पनि असम्भव छैन ।

आजको लागि प्रार्थना :

हे परमेश्वर पिता, मेरो आफ्नो जीवनको प्रत्येक क्षेत्रमा तपाईको आवश्यकता छ , आउनुहोस् र नियन्त्रण गर्नुहोस् । म यस्तो कार्य गर्छु कि मानौ सबै कुरा ममाथि निर्भर छन् र यस्तो प्रार्थना गर्छु सबै कुरा तपाई माथि निर्भर छन् । जुन काम म गर्न सक्दिन त्यो कार्य तपाई लिनुहोस् र त्यस कार्यलाई पुरा गर्ने बल दिनुहोस् , सारा महिमा तपाईलाई होस् ।

आजको लागि वचन :

मत्ती १९ : २६ येशुले तिनीहरुमाथि दृष्टिलगाई भन्नुभयो “मानिसहरुका लागि यो असम्भव छ तर परमेश्वरका लागि सबै कुरा सम्भव छ ”

मर्कुस ९ : २३ येशुले तिनलाई भन्नुभयो “तपाईले सक्नुहुन्छ !” भनी के भनेको ? विश्वास गर्नेको लागि त सबै कुरा सम्भव छ ।

मर्कुस १४ : ३६ अनि उहाँले भन्नुभयो “अब्बा पिता तपाईको निम्ति सबै कुरा सम्भव छ, यो कचौरा मबाट हटाइदिनुहोस् तर पनि मैले इच्छा गरे जस्तो होईन तपाईले इच्छा गर्नु भए जस्तो होस् ।”

## गन्तव्य एक व्यक्तिमा न त प्रतिक्षा गर्दछ न त निर्भर रहन्छ

जब एस्तर अन्यौलमा थिइन् कि यहुदीको लागि मध्यस्त गर्नको लागि राजाको बोलावट विना राजाको उपस्थितिमा जाने या नजाने त्यो समय आफ्नो डरले व्याकुल थिइन् यस घटनामा उनकी साखै काका र अभिभावक मोर्दकैले उनलाई अकाट्य सत्य प्रकट गर्नु भयो । यदि यस समय तपाई चुप रहनु भयो भने यहुदीको लागि सत्यता र छुटकारा कहिन न कही बाट आउनेछ तर तपाई र तपाईको घराना नाश हुनेछ को जान्न सक्छ ? सायद आजको यो समयको लागि तपाई रानी बनेको होला ।

भविष्य कसैको लागि न त प्रतिक्षा गर्छ न त कसै माथि निर्भर रहन्छ । परमेश्वरसँग एउटा योजना छ उ सफल हुनेछ र हामीसँग त्यसमा भागीदार हुने अवसर छ यद्दपि हामी उसमा भागीदार नबन्ने निर्णय लिएका छौ भने हामी अवस्य सफल हुन्छौ । यो मात्र कि उहाँले कसैलेलाई प्रयोग गर्नुहुन्छ ।

आजको लागि प्रार्थना :

हे परमेश्वर, म तपाईको महान् सेवाको दिन र आशिषहरु जसको लागि तपाईले मलाई रच्नु भयो तयसलाई गुमाउन चाहन्न मलाई मेरो बोलावट र तपाईले बोलाउने समयमा प्रयोग हुनको लागि तयार हुन सहायता गर्नुहोस् ।

आजको लागि वचन :

एस्तर ४ : १४ यसतो बेलामा तिमी चुप लागि बस्यौ भने यहुदीहरुका निम्ति सहायता र छुटकारा अरुद्धारै आउनेछ तर तिमी र तिम्रा पिताको घराना चाँहि नष्ट हुनेछ सायद यस्तै समयको निम्ति नै तिमी यो राज पदमा पुगेकि हौ कि ?

१ राजा १८ : २१ एलियाले मानिसहरुका लागि आएर भने “तिमीहरु कहिलेसम्म दोधारमा बसिरहन्छौ ? यदि परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याऔ तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ ।’ तर मानिसहरुले केहि भनेन् ।

## स्वर्ग र पृथ्वी दुबै जीवनको निर्णायक लडाई गर्नको लागि जोशिलो निर्णायात्मक र दृढ निश्चयी व्यक्तिलाई चुन्नुहुन्छ

सारा संसार एउटा यस्तो अगुवाको खोजीमा छ, एउटा यस्तो व्यक्ति जो जान्दछ कि तिनीहरुकहाँ गइरहेको छ र यस्तो व्यक्ति जो प्रकट गर्दछ कि सफलताको लागि जे तिनीहरुको साथमा छन् चाहे हामी तिनीहरलाई साहसी उत्साही, दार्शनिक, चमत्कारी वा बलवन्त बनेर बोलाए ता पनि यो सतय हो कि मानिसहरु पक्का अगुवाको अनुशरण गर्दछन् ।

वास्तवमा स्वर्ग र पृथ्वी दुबै नै जीवनको निर्णायक युद्धको अगुवाई गर्नको लागि जोशिलो, निर्णायात्मक र दृढ निश्चयी व्यक्तिलाई चुन्दछ हामी उनै मानिसहरु प्रति आफ्नो भरोसा राख्ने धारण बनाउछौ, जसको बारेमा हामी सोच्दछौ कि उनीहरु कठिन परिस्थितिमा पनि विना झुकाव आफ्नो कार्य पुरा गर्छन् । त्यो के हो जुन तिमीहरु पुरा गर्नको लागि दृढ निश्चयी छौ ?

आजको लागि प्रार्थना :

हे पिता मलाई सहायता गर्नुहोस् कि म संकटको दिनमा निर्बल वा बेहोश नहुन सकुँ मलाई त्यो स्थानको दर्शन दिनुहोस् जहाँ तपाई मलाई देख्न चाहनु हुन्छ र मलाई त्यो बाधाको सामना गर्नकोलागि साहास दिनु हुन्छ जसले मलाई हराउन प्रयत्न गर्दछ म तपाईको इच्छा पुरा गर्नको लागि दृढ निश्चयी छु । अरुहरुलाई तपाईको इच्छामा सफलता तर्फ अगुवाई गर्न मलाई सहायता गर्नुहोस् ।

आजको लागि वचन :

यहोशु १ : ९ तँलाई मेरो आज्ञा छ बलियो र खुबै साहसी हो नडरा , निराश नहो, किनकी तँ जहाँ गए पनि, परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनुहुनेछ ।

यहोशु १ : १६-१८ अनि तिनीहरुले यहोशुलाई यसरी उत्तर दिए, “तपाईले हामीलाई जे-जे आज्ञा गर्नुहुन्छ त्यो हामी गर्नेछौ, र तपाईले हाम्लाई जहाँ-जहाँ पठाउनुहुनछ, हामी त्यहा जानेछो जसरी हामीले मोशाकासबै कुरा मान्यौ त्यसरी हामी तपाईलाई पनि मान्नेछौ । परमप्रभु तपाईका परमेश्वर जसरी मोशाका साथमा हुनुहुन्थ्यो, त्यसरी तपाईका साथमा पनि रहुन् । तपाईका आज्ञाका विरुद्धमा जो खडा होला र तपाईले आज्ञा गर्नु भएका वचनहरु पालना नगर्ने जो होला, त्यो मारिनेछ केवल तपाई बलियो र साहसी हुनुहोस् ।

## खर्चिलो चुहावट र प्रभावहीन गतिविधीमा आफ्नो श्रोतहरु व्यर्थ नगर्नुहोस्

हामी धेरै काम यसको लागि मात्र गर्दछौ कि हामी त्यसलाई सधै गर्दै आईरहेका छौ । यो धेरै समय, दैनिक कार्य, परम्परागत वा कर्तव्य जीवनको आदत भन्दा बढी अरु केहि पनि छैन । त्यसबाट केहि वा धेरै लाभ हुदैंन र तिनीहरु हाम्रो समय र श्रोत साधनहरु व्यर्थ फाल्दछन् ।

सायद समयभन्दा बढी अनमोल सम्पति हो । एकचोटी यो खर्च भयो भने दाश्रो पल्ट प्राप्त गर्न सक्दैन । यसैले यो आवश्यक छ कि हामी आफ्नो जीवनको बहुमुल्य ठानौ । यसको लागि हामी यो जान्न आवश्यक छ कि हाम्रो खर्चको चुहावट, समय लिने र लाभहिन गतिविधिमा आफ्नो श्रोत साधन व्यर्थ फाल्न रोकौं । आज नै तपाईले आफैलाई र आफ्नो गतिविधीलाई जाँच्नुहोस्, प्राथमिकतालाई व्यवस्थित गर्नुहोस् र उहाँद्धारा आउने शान्तिको आनन्द उठाउनुहोस् । याद गर्नुहोस् ... क्रियाकलाप सधै उत्पादकशिल हुदैन ।

आजको लागि प्रार्थना :

हे स्वर्गिय पिता, म माग्दछु कि तपाई मेरो जीवन, मेरो समय र मेरो श्रोतसाधनको लागि तपाईको प्राथमिकता मलाई दर्शाउनुहोस् । म अनमोल बरदानमा जुन तपाईले मलाई दिनुभएको छ, कुनै एकलाई पनि व्यर्थ गुमाउन चाहन्न । जुन क्रियाकलाप मलाई रोक्न आवश्यक छ त्यसलाई रोकेर त्यसको स्थानमा अझ जीवनको फलदायी रोमाञ्चकारी क्रियाकलापको आरम्भ गर्न म माथि अनुग्रह गर्नुहोस् ।

आजको लागि वचन :

तीतस ३ : १४ हाम्रा मानिसहरु असल काममा कायम रहन सिकुन् ताकी जरुरी खाँचो परि आएको खण्डमा तिनीहरुले मदत दिन सकुन् र तिनीहरु निष्फल नहोउन् ।

एफिसी ५ : १५ यसले कसरी हिड्छौ ध्यानसँग हेर निबुद्धि मानिस जस्तो होइन, तर बुद्धिमान जस्तो । समयको पुरा सदुपयोग गर, किनकी दिन खराब छ ।

## आवाजलाई पछ्याउनुहोस्, गुञ्जमानलाई होइन ।

प्रत्येक व्यक्ति परमेश्वरको तर्फबाट केवल आफ्नोलागि एक निर्देश, एक व्यक्तिगत वचन प्राप्त गर्नेको हकदार हो । जसरी पनि अरुबाट गवाही सुनछन् जुन सुन्न मन पनि लाग्छ र प्रशसनिय पनि गर्नु पर्छ तर अनुशरण गरिदैन यस वर्णनमा कसरी परमेश्वरले अरुको जीवनमा कार्य गर्नुहुन्छ र त्यो निर्देशनमा परमेश्वर हाम्रो जीवनमा कसरी कार्य गर्न चाहनु हुन्छ यसमा धेरै भिन्नता छ । यहाँ एउटा आवाज र एउटा गुञ्जमानमा पनि भिन्नता छ ।

धेरै पल्ट यस्तो हुन सक्छ र हुन्छ पनि कि गुञ्जमान विभिन्न स्थानबाट आँउदछ । समयको साथ-साथै तिनीहरु कमजोर हुन्छन् र आफ्नो शक्तिमा ताजा वचन बोल्नको लागि सामर्थ्य उसमा हुदैन । तै पनि परमेश्वरको आवाज जुन पनि परिस्थितिमा बोल्न सकछ, जसले दिशा निर्देश र बल लिएर आँउदछ । परमेश्वरको आवाज र तपाईको जीवनको लागि उहाँको निर्देश सुन्नको लागि परमेश्वरसँग कान माग्नुहोस् ।

आजको लागि प्रार्थना :

हे प्रभु तपाईले भन्नुभएको छ कि तपाइृको भेँडाले तपाइृको शब्द चिन्दछ र तपाईको पछि लाग्दछ र यो हो कि उनीहरु कुनै नौलो आवाजको पछि लाग्दैन । तपाईको आवाज उच्च स्वरमा स्पष्टता सुन्नको लागि कान प्राप्त गर्नकोलागि मलाई सहायता गर्नुहोस्, जब म पवित्र आत्मासँग प्रत्यक्ष कुरा गर्दा म सुन्दछु त्यसरी तपाईको सत्य वचनद्धारा मेरो जीवन अगुवाई गर्नुहोस् ।

आजको लागि वचन :

हितोपदेश ३ : ५-६ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख र तेरो आफ्नै समझ शक्तिमा मभर नपर्, आफ्नो सारा मार्गमा उहाँलाई सम्झि र उहाँले तेरा मार्गहरु सोझो तुल्याई दिनुहुनेछ ।

यर्मिया ३३ : ३ मलाई पुकार् र म तलाई जवाफ दिनेछु र तैँले नजानेको गहिरा र गुप्त कुराहरु म तलाई बताउनेछु ।

## तपाईमा कुनै समस्या छ र तपाई स्वयम् एक समस्या हुनु हुन्छ यी दुईमा भिन्नता छ ।

जब हामी विश्वासीहरु यस्तो काम, कुराकानी वा क्रियाकलापमा सहभागी हुन्छौ जसले खीष्ट स्वभाव जीवन शैली प्रस्तुत गदैन भने त्यहाँ समस्या हुन्छ जब पहिलो पल्ट हामी यसको बारेमा थाहा पाउछौ तब त्यही समय सुधार गर्नु पर्छ । यदि हामी आफ्नो सामुन्ने आएको समस्याको बारेमा केहि गर्दैनौ, तब त्यस्तो समय आँउछ कि त्यो समस्या हाम्रो सामुन्ने रहदेन तर। हामीलाई पुर्ण तवरले जगेडी दिन्छ ।

तपाईमा कुनै समस्या छ र तपाई स्वयम् एक समस्या हुनुहुन्छ यी दुई कुरामा भिन्नता छ कहिले-कहिले समाधान केवल यति मात्र हुन्छ कि हामी मानी लिनु कि समस्या हाम्रो कारणले भएको छ र परमेश्वरसँग सहायता त्यसको लागि मागिन्छ । तपाईको भरोसा योग्य मित्र र परिवारसँग सुन्नुहोस् । हुन सक्छ कि तिनीहरु तपाईलाई त्यो समस्या पत्ता लगाउनमा सहयायता गर्छन् जुन समस्या लुकेको छ ।

<u>आजको लागि प्रार्थना :</u>

हे परमेश्वर मलाई मेरो आफ्नो भरोसा योग्य मित्र र परिवार जस्तो हेराई हेर्न सहायता गर्नुहोस् । मसँग बोल्नुहोस् र मेरो जीवनको त्यो क्षेत्रको सुर्धानको लागि अनुग्रह दिनुहोस्, जब म अरुहरुलाई दुःख दिन्छु म आफु-आफैलाई धोका दिन्छु वा तपाईलाई निराश बनाउदछु । मलाई क्षमा दिनुहोस् र बल दिनुहोस् ।

<u>आजको लागि वचन :</u>

२ कोरिन्थी १३ : ५ तिमीहरु विश्वासमा दह्रिला छौ कि छैनौ भनि आफैले आफैलाई जाँचेर हेर । आफैलाई जाँच । जाँचमा असफल भएनौ भने येशु खिष्ट तिमीहरुमा हुनुहुन्छ भन्ने तिमीहरुलाई थाहा हुनु पर्ने हो ।

लुका ६ : ४१-४२ आफ्नो भाईको आाखामा भएको छेस्को तिमी किन देख्दछौ तर आफ्नै आाखामा भएको मुढा चाहि थाहा पाउदैनौ ? तिमी आफ्नो आाखामा भएको मुढा देख्दैनौ भने आफ्नो भाईलाई ' ए भाई तिम्रो आाखामा भउको छेसको मलाई निकाल्न देउ' भनी कसरी भन्न सक्छौ ? ए कपटी पहिला आफ्ने आँखाबाट मुढा निकाल, र तब तिमीले आफ्नो भाईको आँखामा भएको छेस्को निकाल्नलाई छर्लङ्गै देखन सक्छौ ।

## निर्णायक व्यक्तिले नै निर्णय लिदछ

प्रभुको शिक्षामा बालबालिकाको पालनपोषण गर्ने आमाबाबुले दृढ निर्णय लिनु पर्दछ किनकी अरु बालबालिकाको खराब व्यवहार गर्ने वा सानै देखिनै आफ्नो जविन आफ्नो इच्छामा जउिनको अनुमति दिइन्छ, यसको अथृ यो होइन कि उसको लागि यो राम्रो हो । धेरे पल्ट बालबालिका, आफ्नो साथीसंगीको प्रभावमा आएर आफ्नो प्रेमी आमा बुबालाई तानाशाही र कठोर व्यक्तिको रुपमा हेर्न थाल्दछन् ।

वयस्क पनि आफ्नो जीवनको विभिन्न स्थितिमा आफु-आफैलाई अनावश्यक तवरले नियन्त्रण भएको महशुस गर्दछन् । ती अधिकार योग्य व्यक्तिलाई स्मरण गरिन्छ कि जो गलत निर्णय लिन्छन् जसद्वारा अरुहरु सिमित बन्न पुग्छन् ।

एउटा अगुवाको सही निर्देशित आवाजलाई उनीहरु तानाशाही भन्दछन् भने जसमा त्यो आवाजको नकरात्मक प्रभाव पर्दछ । तै पनि कुनै परिस्थितिको कारण सही अगुवालाई आफ्नो स्थानमा भएर साहसी निर्णय लिनुपर्दछ ।

### आजको लागि प्रार्थना :

हे पिता, तपाईले मेरो जीवनमा जुन सही अगुवा राख्नु भएको छ त्यसलाई चिन्न र त्यसको अनुशरण गर्न मलाई सहायता गर्नुहोस् । जसरी म यो गर्दछु, हे प्रभु उनीहरुमा पनि अनुग्रह गनुहोस् जसमाथि मेरो निर्णयको प्रभाव पर्दछ । हे स्वामी म सदा तपाईलाई प्रशन्न तुल्याउन सकुँ ।

### आजको लागि वचन :

हिब्रु १३ : १७ तिमीहरुका अगुवाहरुको आज्ञा पालन गर, र तिनीहरुको अधिनमा बस किनकी लेखा दिनु पर्छ भन्ने कुरा जानेर नै तिनीहरुले तिमीहरुको प्राणको हेरचाह गर्छन् । यो काम तिनीहरुले आननद साथ गरुन् दुः ख मानेर होइन नत्रता त्यसबाट तिनीहरुलाई केनै लाभ हुदैन ।

रोमी १३ : १-२ हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधिनमा बसोस् । परमेश्वरबाट आएको अधिकार बाहेक अरु कुनै अधिकार हुदैन । जुन प्रशासकहरु छन् ती परमेश्वरबाटै नियुक्त भएका हुन् । यसकारण प्रशासकहरुका विरुद्धमा खडा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरुको विराध गर्दछ । र जसले-जसले विरोध गर्छन् । तिनीहरुले दण्डको आज्ञा पाउनेछन् ।

## असफलता हाम्रो समर्पणताको जाँच गर्दछ, सफलता हाम्रो चरित्रको जाँच गर्दछ ।

कठोर समय, कठिन परिस्थिती, नोक्सान, संकट र असफलता हाम्रो समर्पणताको जाँच गर्दछ धेरै मानिसहरु यस कठिन समय भएर जान्छन् र सफलता प्राप्त गर्दछन् तै पनि हाम्रो जीवन हाम्रो सामुन्ने दोश्रो र धेरैपल्ट अति चुनौतीपुर्ण जाँच लिएर आँउदछ ।

जब असफलता हाम्रो समर्पणको जाँच गर्दछ, सफलताले हाम्रो चरित्रको जाँच गर्दछ, जब हामी आफ्नो जीवनमा सफल हुनछौ र हाम्रो हातमा धेरै समय हुन्छ, आवश्यकता भनदा बढि धन हुन्छ, पहिले भन्दा बढि अवसर हुन्छ, जब हामी के गर्दछौ ? जब हामी यस्तो विश्वास गर्दछौ कि अब हामी परमेश्वरमा धेरै निर्भर रहनु आवश्यक छैन, जसरी उहाँ नजिक हुनुहुन्छ, तब हामी के गर्छौ ? के हामी परमेश्वरलाई भुल्नेछौ ?  र आफ्नो बाटोमा अघि बढ्नेछौ ? के सफलतको क्षेत्रमा परमेश्वर हामीमाथि भरोसा गर्न सक्नुहुन्छ ? आफ्नो चरित्रको जाँचमा सफल हुनको लागि आफले -आफैलाई तयार गर्नुहोस् र योजना बनाउनुहोस् र समर्पित बनिरहनुहोस् ।

आजको लागि प्रार्थना :

हे परमेश्वर, म आफ्नो जीवनभरी तपाईको सेवा गर्न चाहन्छु । मलाई मेरो समर्पणमा बनिरहन र तपाईको लागि सर्वोच्च गर्ने क्षमता रदृढता मलाई दिनुहोस् । हे प्रभु जब म सफल हुनेछौ तब तपाई म भुल्नेछैन । तपाई प्रति मेरो समर्पणमा म निरन्तर अघि बढ्नेछु र मेरो दृष्टिमा म सानो बनिरहन्छु ।

आजको लागि वचन :

व्यवस्था ८ : १०-१४ जब तिमीहरु तृप्त होउञ्जेल खान पाँउनेछौ, तब तिमीहरुलाई दिनु भएको असल देशको निम्ति तिमीहरुले आफ्ना परमेश्वरको प्रशंसा गर । सावधान बस ! मैले तिमीहरुलाई आज दिएका उहाँका आज्ञाहरु र उहाँका विधी-विधान उल्लंघन गरेर परमप्रभु तिमीहरुका परमेश्वरलाई नभुल । नत्रता जब तिमीहरु खाएर तृप्त हुनेअछौ र राम्र-राम्रा घरहरु बनाएर बस्नेछौ, जब तिमीहरुका बगार र बथानको वृद्धि भएर जानेछ, र तिमीहरुको सुन-चाँदि र तिमीहरुसित भएका सबै थोक प्रशस्त हुनेछन्, तब तिमीहरु अहंकारी भएर तिमीहरुलाई दासत्वको देश मि?बाट ल्याउनुहुने परमप्रभु तिमीहरुका परमेश्वरलाई भुलनेछौ ।

## केही मानिसहरु असफल हुन्छन् र यस प्रक्रियाबाट केहि सिक्दैनन् ....कति दु :खको कुरा

यस कुराको मान्य राख्दैनन् कि हामी किन यस परिास्थितिको सामना गरिरहेका छौ तर यो कुरा मान्य राख्छ कि त्यस परिस्थितिबाट हामी के बन्नेछौ । जीवनको परिस्थिति कि त हामीलाई तोड्न सक्छ वा हामीलाई सिकाउन सक्छ ........ छनोट हाम्रो हो । हामी सधै यो निर्धारण गर्न सकदैनौ कि हामी किन परिस्थितिको सामना गर्दछौं, तर यो अवश्य निर्धारण गर्न सक्छौ कि ती परिस्थितिहरुको सामना हामी कसरी गर्दछौ । आज यो निर्णय गर्नुहोस् कि जीवनको चाप र समस्या र यहासम्म कि तपाईको असफलताहरु पनि तपाइृको लागि केहि सिक्नेको कारण बन्न पुग्छ, ताकी उही निराशहरु भविष्यमा नदोहोरियोस् । अनुभव एक असल शिक्षक हो, यहाँसम्म कि खराब अनुभव पनि, आफ्नो गल्तिमा सिक्नुहोस् ।

आजको लागि प्रार्थना :

हे प्रिय परमेश्वर, मलाइृ बुद्धि दिनुहोस् र म आफ्नो असफलताहरुलाई स्वर्गको दृष्टिकोणबाट देख्न सकुँ मलाई र अरुहरुको भविष्यको लागि महान्-महान् पाठ सिकाउनको लागि मेरो जीवनलाई प्रयोग गर्नुहोस् । जहाँ-जहाँ मैलै तपाईलाई असफल बनाएको छु, त्यसको लागि मलाई क्षमा दिनुहोस् र मलाई उत्तम दिनहरुमा अगुवाई गर्नुहोस् ।

आजको लागि वचन :

भजनसंग्रह ५१: १०-१२ हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र म भित्र एउटा स्थिर आत्मा पुनः जीवित पार्नुहोस् । मलाई तपाईको उपस्थितिबाट नहटाउनुहोस्, नता मबाट तपाईका पवित्र आत्मा लैजानुहोस् । तपाईको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस्, र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस् ।

## परमेश्वरको चाल एक्लै पन्छिनु अनुभव होइन, तर जीवन भरि नै बनिरहनको लागि रच्नु भएको हो ।

परमेश्वरको सत्य चाल व्यक्तिहरुमा, परिवारमा र समुदायहरुमा आउने कैयौ दशकसम्म प्रभावित गर्दछ । आफु-आफैमा महान उत्सब वा ताजागीपनको अलग भएको समय, चाहे अति रमाहटको क्षण किन नहोस् तर पनि हुन सक्छ परमेश्वरको सत्यता चाल सामेल नभएको हुनसक्छ । जब परमेश्वर हिड्नुहुन्छ तब अवश्य र मानिसहरु बदलिन्छ । मानिसहरु उचित प्रकारले र परमेश्वरलाई प्रशन्न हुन योगय जीवन जिउन सुरुवात गरिदिनु हुन्छ ।

परमेश्वरको हिडाई एक्लै पन्छिनु अनुभव होइन, तर जीवन भरि नै बनि रहनको लागि रच्नु भएको हो । यसलाई चिन्नलाई धेरै वर्ष पनि लाग्न सकछ कि यदि हामीले साँच्चैनै परमेश्वरको हिडाईको अनुभव गर्दछौ । जीवनको लहरको साथमा बग्ने, कति उतार र कहिले चढाब, एउटा आत्मिक अनुभवबाट अर्को आत्मिक जीवनमा जीउनु, एक उत्सवबाट अर्को उत्सवमा, एउटा पार्टीबाट अर्को पार्टीमा जाने स्थान परमेश्वरमा माग्नुहोस् कि के साँच्चैनै तपाईको जीवनको हिडाईहोस् ...यस्तो हिडाई जुन तपाईको एक घण्टा, एक दिन वा एक हप्ता भन्दा पनि बढि चल्दछ । तपाईको दैनिकी ख्रीष्टियन जीवनमा स्थिरता बनाउनुहोस् ।

आजको लागि प्रार्थना :

हे परमेश्वर, म तपाईसँग माग्दछु कि मेरो जीवनमा यस्तो प्रकारको हिडाई दिनुहोस् ताकी म पुर्ण तवरले बदलिन सकुँ र प्रतिदिन म तपाईको कृपा दृष्टि र अनुग्रहमा बढ्दै जाऊ । मानसिक तनाव, चिन्ता र डरबाट मलाई टाढा राख्नुहोस् । आनन्दको मेरो माग र शान्तिको मेरो प्रतिफल बनाई दिनुहोस् । म तपाईको लागि महान् जविन जिउन चाहन्छु ।

आजको लागि वचन :

मर्कुस ४ : ५-६, १६-१७ केहि बीउः ढुङ्गेनी ठाँउमा परे, जहाँ धेरै माटो थिएन, र माटोको गहिराई नहुनाले ती छिट्टै उम्रे । घाम निकै चर्के पछि टुसाहरु डढिहाले, जरा नलागेकोले ती ओइलिहाले । कोही मानिसहरु बाटोतिर छरिएका बीऊ जस्तै छन् । जब तिनीहरुले वचन सुनछन्, तब तुरुन्तै शैतान आँउछ, र तिनीहरुमा छरिएको वचन लगि हाल्छ । त्यसै गरि ढुङ्गेनी ठाँउमा छरिएकाहरु यी नै हुन्, जसले जब वचन सुनछन् तब खुशीसाथ तुरुन्तै त्यो ग्रहण गर्छन् ।

## आफ्नो सारा जीवन यस्तो सिँढीमा चढ्नको लागि नबिताउनुहोस् जसको माथि चुचुरामा पुगे पछि तपाई थाहा पाउनुहुन्छ कि यो त गलत पर्खालमा अडेको थियो

हामीले यस्तो धेरै पल्ट सुनेका छौ कि " मुख्य कुरा यो कुरा हो कि, मुख्य कुरालाई मुख्य नै रहन देऊ ।" मुख्य कुरा के हो ? के हो जागिर हो ; के यो धन हो, सायद बल, पद वा इज्जत ? यिनीहरुमा कुनै पनि वस्तुले प्राणको प्यास मेटाउन सक्दैन । यदि सफलताले साँच्चैनै सन्तुष्टि दिने हो भने एल्बिस प्रेसली जस्तो मानिस आज पनि खुशी खुशी नै जीवन बिताइरहेका हुन्थे ।

मुख्य कुरा के हो ? तपाईको जविनको लागि परमेशवरको इच्छा र उद्धेश्यलाई जान्न र पालन गर्नु । र कुनै वस्तु बाट पनि सन्तुष्टि नपाउनु, न त यो जीवनमा र न त आउने जीवनमा । तपाईको हृदयमा शान्ति र तपाईको घरमा आनन्द परमेश्वरलाई खुशी तुल्याउने जीवन जिउनुको परिणाम हो । परमेश्वरसँग सोध्नुहोस् कि मुख्य कुरामा ध्यान लगाउदै तपाई आफ्नो जिविका कसरी चलाउनु हुन्छ, जीवन कसरी जीउन सकिन्छ र भिन्नता कसरी ल्याउन सकिन्छ । तपाईसँग गुमाउनको लागि के नै छ ?

आजको लागि प्रार्थना :

हे प्रभु, म यस्तो जीवन जिउन चाहन्न जुनले मलाई त सन्तुष्टि बनाएकोछ तर तपाईलाई खुशी तुल्याएको छैन । म तपाई र साथसाथै तपाईको योजनाको लागि सफल र महत्वपूर्ण हुन चाहन्छु । मलाई दर्शाउनुहोस् कि म के गरुँ मेरो ध्यानलाई जहाँ-जहाँ बदल्न आवश्यक छ त्यहाँ बदल्नुहोस् । मलाई मेरो आफ्नो प्राथमिकतालाई चिन्न र व्यवस्थित गर्नमा सहायता गर्नुहोस् ।

आजको लागि वचन :

मत्ती १६ : २६ सारा जगत प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ ?

१ तिमोथी ६ : १७ यस संसारका धनीहरुलाई घमण्डी नहुने आज्ञा देउ, र अनिश्चित सम्पतिमा होइन तर हामीलाई हरेक थोक प्रशस्तसँग उपभोग गर्न दिनुहुने परमेश्वरमाथि तिनीहरुले आशा राखुन् ।

मत्ती ६ :३३ तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् ।

## विश्वासको अर्थ समस्यालाई इन्कार गर्नु होइन तर अघि बढ्दै जानु हो

उत्पतिमा जब परमेश्वर यस्तो वस्तु देख्नु भयो जुन देखेर उहाँ खुशी हुनु भएन र त्यसलाई बदल्न चाहनु भयो, तब उहाँले बोल्नु भयो । जब परमेश्वरले भन्नु भयो 'उज्यालो होस् !' त्यो समय परमेश्वरले त्यो सिद्धान्त स्थापित गर्नु भयो जसलाई आज हामी "विश्वास र स्वीकार गर्नु" नामले जान्दछौ । परमेशवरले अन्धकारको अस्तित्वलाई इन्कार गर्नु भएन । परिवर्तनको सकरात्मक रुपमा प्रभावशाली गर्नको लागि परमेश्वरले त्यो कुराको जुन थिएन यस्तो भन्नुभयो जुन तिनीहरु थिए र त्यसको विपरित बनाउनु भएन ।

नयाँ नियममा विश्वासीहरुलाई यो निर्देशन दिईएको छ कि तिनीहरु परमेश्वर जस्तो बन्नु र यो पनि गर्नु भयो "ती कुराहरु जुन थिएनन्, यस्तो बोलनु भयो जुन छ ।" हामा आफ्नो सामुन्ने उभिएको समस्याको पहाडलाई इन्कार गर्नु हुदैन तर विश्वासको साथ बोल्न र त्यो पहाडलाई त्यहाबाट हट्ने आज्ञा दिएर त्यसद्धारा उहाँ निरन्तर उभिरहने अधिकारको इन्कार गर्नुपर्छ । केवल यति मात्र भनेर "पहाड त्यहाँ छैन" काम चल्दैन ।

आजको लागि प्रार्थना :

हे पिता, मेरो जीवनको समस्याहरु र त्यस क्षेत्रमा सामना गर्नमा सहायता गर्नुहोस् जसमा म खुशी छैन र जहाँ म बदल्न चाहन्छु । मलाई आफ्नो जीवनको लागि तपाईको इच्छामा भरोसा गर्ने विश्वास र त्यसको उद्घोषण गर्ने बल दिनुहोस् । मेरो चारै तिर तपाईको स्वर्गदुत दिनुहोस्, जसले मेरो विश्वासको उद्घोषण अनुसार कार्य गरोस् ।

आजको लागि वचन :

उत्पति १ : ३ अनि परमेश्वरले भन्नुभयो, "उज्यालो होस् ।" तब उज्यालो भयो ।

रोमी ४ : १७ जसो लेखिएको छ, " मैले तलाई धैरै जातिहरुका पिता बनाएको छु ।" जुन परमेश्वरमाथि अब्राहमले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन् । उहाँले मरेकाहरुलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरलाई बोलाई अस्तित्वमा ल्याउनु हुन्छ ।

हिब्रु १० : २३ हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलो साथ थामीराखौं, किनकी जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वास योग्य हुनु हुन्छ ।

## धेरै पल्ट हाम्रो सामु जुन ठुलो समस्या आँउदछ, "त्यसले कठोर निर्णय लिनको लागि माग गर्दछ ।"

सायद तपाई मात्र एक व्यक्ति हुनुहुन्छ, जो त्यो कुराको विषयमा केहि गर्न सक्नुहुन्छ जसले तपाईलाई समस्या बनाई रहेछ । हाम्रो जीवनमा हामीले कुनै कठोर निर्णय लिनु पर्दछ । धेरै पल्ट हामी जुन समस्याको सामना गर्दछौ, त्यसले हाम्रो जीवनको त्यो क्षेत्रमा हुन्छ जसको बारेमा हामी जान्दछौ कि हामी सबै भन्दा बढी ध्यान दिनु आवश्यक छ । यदि खराब कुरामा त्यही अवस्थामा छोडि दियो भने, त्यो साधरणतया सुध्रिनुको सट्टामा झन् बढि बिग्रदै जान्छ ।

जीवन यो माग गर्दछ कि हामी परिवर्तन ल्याउन सकारात्मक कदम चालौ । तपाईको जविनमा कुन-कुन कुरामा परिवर्तन आउनु आवश्यक छ ? तपाईको सबैभन्दा ठुलो समस्या कहाँबाट उब्जिन्छ ? तपाई यस विषयमा के गर्न सक्नु हुन्छ चाहे तपाई नचाहनु होस् तै पनि तपाईले कुनै कठोर निर्णय लिनु आवश्यक पर्छ । यदि यस्तो हो भने यिनीहरुलाई लेख्नुहोस् र यसको छलफल परमेश्वरसँग गर्नुहोस् । निर्णय लिन परमेश्वरले नै सहायता गर्नुहुनेछ ।

आजको लागि प्रार्थना :

हे परमेश्वर, म जान्दछु कि तपाईले मेरो जीवनको लागि केहि जिम्मेवारी बनाउनु भएको छ । मलाई ती कुराहरुको मुल जरा देखनको लागि आँखा दिनुहोस्, जसले मलाई धेरै नै दुखित बनाउदछ र त्यसको विषयमा केहि गर्नको लागि मलाई बल दिनुहोस् । मलाई अनुग्रह पनि दिनुहोस् ताकी म शान्त, कृपालु र नम्र रहेर तपाईमा दृढ र निर्णायक बन्न सकुँ ।

आजको लागि वचन :

व्यवस्था ३० : १९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरुका विरुद्धमा साक्षी राख्दछु, कि मैलै तिमीहरुका लागि जविन र मृत्यु, आशिष र श्राप राखेको छु । अब जीवन नै रोज, ताकी तिमीहरु र तिमीहरुका बाल-बच्चाहरु जिउन सक,

रोमी १४ : १२ यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौ ।

भजनसंग्रह १८ : ३५ तपाईले मलाई आफ्नो विजयको ढाल दिनु भएको छ, र तपाईको दाहिने बाहुलीले मलाई सहारा दिएको छ । स्वयम् तपाई मलाई महान् बनाउन झुक्नुहुन्छ ।

**अवश्य हो कि हामी जहाँ गईरहेका छौ, त्यहाँ पुग्नको लागि त्यहीबाट सुरु गर्नुहोस्, जहाँ हामी छौँ, जे हामी चाहान्छौ त्यसलाई प्राप्त गर्न त्यसलाई प्रयोगमा ल्याउनुहोस् जे हामीसँग छ र जे हामी पुरा गर्न सक्छौ त्यसलाई प्रयास गर्नृहोस् जुन हामी गर्न सक्दैनौ ।**

जीवनको एउटा सुत्र अति नै सरल छ । परमेश्वरले हाम्रो जीवनमा उहाँको इच्छा र उद्धेश्य पुरा गर्नको लागि हामीलाई केहि वस्तुहरु दिनु भएको छ । पहिले उसले हामीलाई सपनाहरु, दर्शनहरु र बलियो चाहनाहरु र प्रिय आशा दिनु हुन्छ । यिनीहरुले हामीलाई प्रेरणा दिन्छन् कि हामीसँग जे छ त्यसलाई लिनुहोस्, जहाँ हामी छौ त्यहीबाट सुरु गरौ र आफ्नो सर्वोत्तम गरौं ।

यो असल कुरा होइन कि हामी सुरु गर्नु भन्दा पहिले आफ्नो सबै आवश्यकताहरु पुरा भएको देख्न सकौ । हाम्रो जीवनमा कुनै यस्तो अवसर आँउदछ जुन हाम्रो लागि असम्भव देखिन्छ, तर पनि तिनीहरुले खानाद्धारा हाम्रो हृदयमा बोल्दछन् । केवल पैसा कमाउने दृष्टिकोणभन्दा केहि बढि, परमेश्वरको स्वप्नको अनुशरण हाम्रो प्राणको त्यसद्धारा पुरा गर्दछ । तपाईलाई परमेश्वरद्धारा कुन स्वप्न मिलेको छ ? तपाई यसको विषयमा के गर्दै हुनुहुन्छ ?

आजको लागि प्रार्थना :

हे परमेश्वर, मेरो भरोसा तपाईमा छ । म आफ्नो क्षमतामा निर्भर गर्न सक्दिन, मात्र जहाँ तपाईले तपाईको इच्छा र उद्धेश्य पुरा गर्नलाई दिनु भएको छ । मलाई सहायता गर्नुहोस् कि म यो जान्न सकुँ कि म के गर्नु पर्छ, कहिले सुरु गर्नु पर्छ, र अगाडि कसरी बढ्नु पर्छ । मेरो भविष्य तपाईको अधिनमा छ ।

आजको लागि वचन :

२ राजा ४ : २ एलिशाले तिनलाई जवाफ दिए,“म तिमीलाई कसरी सहायता गरुँ ? तिम्रो घरमा के छ ? मलाई भन । तिनले भनिन्, “हजुर कि दासी सित एउटा भुँडुल्कोमा तेल बाहेक अरु केहि पनि छैन ।”

मत्ती १४ : १७ तिनीहरुले उहाँलाई भने, “यहाँ हामीहरुसित पाँच रोटी र दुई माछा मात्र छन् ।

फिलिप्पी ४ : १३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।

फिलिप्पी ४ : १९ मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पति अनुसार तिमीहरुको हरेक खाँचो खिष्ट येशुमा पुरा गरि दिनुहुनेछ ।

## एउटा वस्तु निर्माण गर्नको लागि हामीलाई अर्को वस्तु टुक्राउनु पर्दैन ।

हाम्रो जीवनमा कुनै समय र कुनै परिस्थितिको बहकाउमा हामी आफैलाई परिवर्तनको मार्गमा पाँउदछौ । परावर्तन हाम्रो शारीरिक तवरले, आत्मिक तवरले वा मानसिक तवरले एक स्थानबाट अर्को स्थानमा पुऱ्याएको पाँउदछौ । परावर्तन हामीलाई धेरै समस्यामा नलादै पनि त्यो धेरै कठोर हुन सक्छ ।

नयाँ वस्तुको लागि खुशी हुनु ठिक छ । नयाँ वस्तुको निर्माण गर्नको लागि हामीलाई पुरानोलाई टुक्राउनुको आवश्यकता छैन । केही परावर्तनको लागि कुनै प्रकारले कुनै जवाफदेहि हुनुको आवश्यकता रहदैन । आफु वा आफ्नो चारैतिरका मानिसहरुको असुरक्षाको भावनालाई आफ्नो बितेको जीवन बारेको कुरा नफैलाउनु । हामी जहाँ थियौ उहाँको बारेमा नकरात्मक नहुदै, उहाँको बारेमा आनन्द हुन सक्छौ । जहाँ हामी गईरहेका छौ ।

आजको लागि प्रार्थना :

हे पिता, मलाई तपाईको जीवनमा परावर्तन गर्नको लागि सही र लाभ दायक तरिका सिकाउनुहोस् । सुरु देखि अहिलेसम्म तपाईले जे गर्नुभयो र गरिरहनु भएको छ, ती सबैको लागि म तपाईमा धन्यवादी छु । तपाईले जे गरिरहनु भएको छ र जहाँ मलाई लगिरहनु भएको छ ती सबै विषयमा म धेरै उत्साहित छु । सही दिशामा मेरो यात्रा जारी राख्न र तपाईलाई खुशी तुल्याउनमा मलाई सहायता गर्नुहोस् ।

आजको लागि वचन :

एफिसी ४ : २९ तिमीहरुका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाँउदो र सुधार गर्ने मिठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरुलाई अनुग्रह मिलोस् ।

रोमी १६ : १७ भाई हो, म तिमीहरुलाई आग्रहपुर्वक विन्ती गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फुट र बाधा-विघ्न सृष्टि गर्नेहरुलाई नजर राख, तिनीहरुबाट अलग बस ।

२ तिमोथी २ : २३ तर मुर्ख र बेसमझका सवाल जवाफलाई इन्कार गर– तिमी जान्दछौ यिनीहरुबाट झगडा हुन्छ ।

## यदि शैतानले तपाईलाई खराब बनाउन सकेन भने, त्यसले तपाईलाई ब्यस्त बनाउन प्रयास गर्छ ।

शैतानको इच्छा यो हो कि तपाईलाई आलस्य बनाउनु, तपाईलाई भड्काउनु, या सम्भव भयो भने तपाईको दौडबाट तपाईलाई बाहिर गर्नु । धोका धैरै प्रभावशाली शत्रु हो किनकी यो धैरै धोकाबाज हुन्छ । मानिसहरु यति ब्यस्त हुन्छन् प्रभुको लागि काम गरिरहन्छन्, एउटा कामबाट अर्को कामको निम्ति भाग दौड गरिरहन्छन् र यो अति उत्पादक देखिन्छ, जब कि कुनै मुल्यवान् प्राप्त गरिरहेको छैन । यदि शैतान तपाईलाई खराब बनाउन सक्दैन भने, त्यसले तपाईलाई ब्यस्त बनाउन प्रयास गर्छ । यति ब्यस्त कि तपाइृ परमेश्वर, परिवार, मण्डली र समाजकको साथ सही अर्थपूर्ण तवरले मिल्न पनि सक्नुहुन्न । आफ्नो जीवनलाई जाच्नुहोस् के तपाई यति ब्यस्त हुनु भएको कि तपाईको साथमा परमेश्वरले दिनु भएको आशिषको आनन्द उठाउनको लागि पनि समय छैन ? यदि यस्तो हो भने, तपाईको परिवार र परमेश्वरको समयको लागि आफ्नो कामबाट समय निकाल्नुहोस् ।

### आजको लागि प्रार्थना :

हे परमेश्वर, मलाई मेरो समय मेरो प्राथमिकमताहरु र आफ्नो उत्पादकतालाई जान्न सहायता गनुहोस् । म यस्तो मैनबत्ती बन्न चाहदिन जुन दुई छेउबाट जलिरहेको छ । मलाई मेरा जीवन तपाईको उद्धेश्य अनुसार चलाउन र वयवस्थित गर्नको लागि एउटा योजना दिनुहोस् । हे प्रभु, तपाईले जुन आशिष दिनु भएको छ, त्यसको आनन्द उठाउनमा मलाई सहायता गर्नुहोस् ।

### आजको लागि वचन :

लुका १० : ३९-४२ मरियम नाँउ भएकी तिनकी एउटी बहिनी थिइन् । तिनी येशुका पाँउनिर बसेर उहाँको वचन सुन्दथिइन् । तर मार्था सेवा सत्कारको धेरै काममा अल्भेकी थिइन् । तिनले येशुकहाँ आएर भनिन्, “प्रभुज्यू, मेरी बहिनीले सेवा सत्कारको काममा मलाई एकलै पारेकी छिन्, तपाई वास्तामा राख्नुहुन्न ? त्यसलाई भनिदिनुहोस् र त्यसले मलाई सघाओस् ।” तर येशुले जवाफ दिएर तिनलाई भन्नुभयो,“मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ, र व्याकुल हुन्छ्यौ । तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकि छे, जो उसबाट खोसिने छैन ।”

भजनसंग्रह ४६ : १० “शान्त होओ, र म परमेश्वर हुँ भनी जान । जाती-जातीहरुमा म उचालिने छु, पृथ्वीमा म उचालिने छु ।”

**प्रार्थना जवीनको मरमसला होइन जसलाई हामी आफ्नो योजनामा छर्दछौ ताकि यसले परमेश्वरको स्वाद दिन सकोस् ..... प्रार्थना त्यो प्रमुख तत्व हो जसद्धारा हामी आफ्नो जवीनको असल अर्थ पत्ता लगाउन सक्छौ ।**

प्रार्थना मात्र आफ्नो प्रयासबाट परमेश्वरको आशिष प्राप्त गर्नको समय निकाल्नु भन्दा पनि वार्तालापको एउटा तरिका छ जसको हामी आनन्द उठाउछौ र जुन परमेश्वरको साथमा हाम्रो सम्बन्धको मार्ग खोल्नुहुन्छ । प्रार्थना त्यो माध्यम हो जसद्धारा परमेश्वर हाम्रो हृदय र हाम्रो मनमा उहाँको सनदेश पठाउनु हुन्छ । जब हामी प्रार्थना गर्दछौ, परमेशवर हाम्रो आत्मामा कुरा गर्नुहुन्छ र हामीलाई थाहा पनि हुदैन र हाम्रो नयाँ दिशा र प्रश्नको उत्तर हामीले पाँउदछौ ।

Formatted: Font: 18 pt, Bold, Font color: Black
Formatted: Font: 18 pt, Bold, Font color: Black
Formatted: Font: 18 pt, Bold
Formatted: Font: 18 pt, Bold
Formatted: Font: 18 pt, Bold
Formatted: Font: 18 pt
Formatted: Font: 16 pt

प्रार्थना नुन होइन जसलाई हामी आफ्नो योजनामा छर्किन्छौ ताकी यसले परमेश्वरको स्वाद दिन सकोस् ........ प्रार्थना त्यो प्रमुख तत्व हो जसद्धारा हामी आफ्नो जीवनको असल अर्थ पत्ता लगाउन सक्छौ जे हामीले गरिहेकाछौ त्यसमाथि परमेश्वरको आशिष माग्नुको सट्टा हामी आवश्यक समय बिताएर यो थाहा गर्नु पर्छ कि परमेश्वर के गरिरहनु भएको छ र त्यही प्रयासमा तपाई आफैलाई सम्मेलित गर्नु पर्दछ ।

<u>आजको लागि प्रार्थना :</u>

Formatted: Font: 18 pt, Underline

हे पिता, म जान्दछु कि तपाईको साथमा मेरो जीवनको लागि सुनिश्चित इच्छा, उद्धेश्य र योजना छ । म तपाईसँग माग्दछु कि मसँग बोल्नुहोस् र त्यो योजना ममा स्पष्ट गर्नुहोस् । म तपाईको साथमा यस्तो व्यवहार गर्न चाहन्न कि तपाई र मेरो सम्बन्धमा म सबैभन्दा अति महत्वपुर्ण या बुद्धिमान व्यक्ति छु । मलाई तपाईको इच्छा देखाउनुहोस् । म जान्दछु कि यो पहिले देखि नै आशिषित भएको छ ।

<u>आजको लागि वचन :</u>

हितोपदेश ३ : ५-८ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझ-शक्तिमा भर नपर् । आफ्ना सारा मार्गमा उहाँलाई सम्झि, र उहाँले तेरा मार्गहरु सोझा तुल्याई दिनुहुनेछ । आफ्नै नजरमा बुद्धिमान नहोऊ, परमप्रभुको भय मान र दुष्कर्मलाई त्याग । यसले तेरो शररिलाई स्वस्थ तुल्याउनेछ र तेरो हड्डीको लागि पोषण दिनेछ ।

## जीवनमा चार परीक्षाहरु :पहिलो नम्बरमा : तल्लो स्तरको परीक्षा

फेदीहरु जीवनको तल्लो क्षेत्रहरु हुन् कहिले न कहिले हामी सबै आफ्नो यी तल्लो क्षेत्रमा पाँउदछौ, निराशको तनाव भित्र, पछि हट्ने असफलताको भावनामा ग्रसित भएर र सबै कुरा त्यागीदिने लोभमा पाँउदछौ केहि निणय लिनको लागि फेदी राम्रो स्थान होइन । हाम्रो ध्यान मात्र हाम्रो चारैतिरको वस्तुहरुसम्म सिमित रहन्छ, यसैकारण हाम्रो दर्शन पनि सिमित हुन्छ ।

यस कुराबाट नडराउनुहोस् कि तपाई यी फेदीको क्षणहरुमा तपाई रहिरहनु हुनेछ । यी तल्लो भावनाहरुलाई बाहिर निकाल्नुहोस् र ती निच भावनाहरुको कारण आफ्नो प्रयास रोकी दिने प्रलोभन माथि विजयी हुनुहोस् । याद राख्नुहोस् परमेश्वर तपाईको साथमा हुनुहुन्छ र ती फेदीमा जे कुरा परिवर्तन हुन आवश्यक छ, उसमा उहाँले तपाईको सहायता गर्नुहुन्छ ।

आजको लागि प्रार्थना :

हे प्रभु, मेरो जीवनको दौडानमा आउने फेदी परीक्षाहरुमा दृढ र बलियो बनिरहनमा मलाई सहायता गर्नुहोस् । तपाई मेरो बदलामा तपाईको ठोस प्रमाणित गर्नको लागि तपाई इच्छा र चरित्रमा सत्य हुनुहुन्छ । मलाई सहायता गर्नुहोस् कि म पनि अरुहरुको साथमा खडा हुन सकुँ र जब तिनीहरु आफ्नो फेदीबाट भएर जान्छन् तब उनीहरुलाई प्रोत्साहित गर्न सकुँ ।

आजको लागि वचन :

भजनसंग्रह २३ : ४-६ मृत्युको अन्धकारमय घाँटी भएर जानु परेता पनि म कुनै खतरा देखि डराउने छैन, किनकी तपाई मेरो साथमा हुनुहुन्छ । तपाईको लट्ठी र तपाईको लौहुरोले मलाई सात्वना दिन्छन् । मेरा शत्रुहरुका सामुन्ने तपाईले मेरो निम्ति भोज तयार पार्नुहुन्छ । तपाईले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरो भरिएर पोखिन्छ । निश्चय नै तपाईको भलाई र करुणा मेरो जीवन भरि म पछि लाग्नेछ, र परमप्रभुको घरमा म सदा-सर्वदा वास गर्नेछु ।

## जीवनमा चार परीक्षाहरु :दोस्रो नम्बरमा : उच्च पहाडजस्तो परीक्षा

जीवनको पहाडमा जब हामी तारालाई लगभग छुन सक्छौ, जब ताजा हावाको वेगले उत्साह ल्याँउदछ र अब फेदीको क्षण पछि हदछन्,। हाम्रो दर्शन हामीलाई अति महान् प्रकट हुन सक्छ । यही ती समय हो जब हामी यो याद राख्न आवश्यक छ कि जुन नयाँ निर्णय हामी यो पहाडमा लिएका छौ त्यसले हामीलाई अझ अगि बढ्ने अवसर दिन्छ । हामी यहाँबाट अगाडि पनि बढ्न सकदछौ पहाडबाट तल फेदीमा एक नयाँ दिशा तर्फ जान सक्छौ वा जीवनको एउटा नयाँ फेदीको संघर्षमा पनि जान सकछौ । हामी पहाडमा ताजागिपन हुनको लागि आफ्नो पहिलो उपलब्धीहरुलाई हेर्नको लागि र नयाँ चुनौतीहरुलाई अंकमाल गर्नको लागि आँउदछ । पहाडको परीक्षा यो हो : के तपाई एउटा नयाँ चुनौतीलाई अंकमाल गर्नुहुन्छ र एउटा नयाँ फेदी देख्ने कष्टलाई उठाउनुहुन्छ वा तपाई यहाँ सबै कुरा छोडि दिनुहुन्छ ?

### आजको लागि प्रार्थना :

हे, पिता, तपाईको साथ मेरो सम्बन्धमा मलाई दृढ र तिब्र बनाईरहनमा सहायता गर्नुहोस्, विशेष मेरो जीवनको पहाडी अनुभवको यात्रा । मलाई यस्तो हृदय दिनुहोस् जुन प्रत्येक समय तपाईमा नै लागिरहोस् । लाई ताजा अभिषेक र जीवनमा अगाडि बढ्नको लागि आवश्यक सहास दिनुहोस् ।

### आजको लागि वचन :

यहोशु १४ : १०-१२ “अब हेर्नुहोस्, इस्राएलीहरु उजाडस्थानमा घुमफिर गर्दा परमप्रभुले मोशालाई यो कुरा भन्नु भएको बेलादेखि अहिले ४५ वर्ष बितिसक्यो, र आफ्नो वचनअनुसार परमप्रभुले मलाई जीवित राख्नुभएको छ । अब हेनुहोस्, म आज पचासी वर्षको भएको छु । तापनि मलाई मोशाले पठाएको दिनमा म जति बलियो थिएँ, अहिले पनि उत्तिकै बलियो छु । लडाईको निम्ति बाहिर जानलाई मेरो ताकत त्यसबेला जति थियो, अहिले पनि त्यत्ति नै छ । यसकारण अब यो पहाडी देश मलाई दिनुहोस्, जसको बारेमा परमप्रभुले त्यसदिन भन्नुभएको थियो । त्यहाँ अनाकीहरु रहन्छन्, उनीहरुका ठुला-ठुला गढ भएका शहरहरु छन् भन्ने तपाईले त्यस बेला सुन्नु भएको थियो । परमप्रभुको सहायताद्धारा उहाँको वचन अनुसार म उनीहरुलाई धपाउनेछु ।”

फिलिप्पी ४ : १३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।

## जीवनको चार परीक्षाहरु :तेस्रो नम्बरमा : प्रतिक्षाको परीक्षा

किसानले जमिनमा बीऊ छरेर त्यसलाई माथिबाट पुरी दिन्छ । अर्को मौसममा उसले जमिनलाई खनजोत गर्दछ र सानो -सानो टुसाएको बीऊलाई मलजल गर्दछ, र आफ्नो परिश्रमको फल प्राप्तिको प्रतिक्षा अति धैर्यता, धीरजको साथ गर्दछ । अनुभवद्धारा किसानले सिकिसकेको छ कि उसलाई प्रतिक्षा त गर्नु नै पर्छ । र सायद केहि दिनसम्म केहि पनि प्रमाण देखा नपरेको हुनसक्छ । यो सिद्धान्त हाम्रो जीवनको अन्य कैयौं क्षेत्रमा पनि सत्य हुन्छ । हामी आफ्नो समय, आफ्नो प्रार्थना, आफ्नो प्रयासलाई छर्दछौ र कहिले-कहिले हामीमा यो सोचको प्रलोभन पनि आँउछ कि यी सबै व्यर्थ थियो । यो प्रतिक्षाको परीक्षा हो । विश्वासी भएको नाताले हामी जान्दछौ कि परमेश्वर हाम्रो अधिरजद्धारा कार्य गर्नुहुन्न तर उहाँको आफ्नो समय अनुसार कार्य गर्नुहुन्छ । जब तपाई सबै कुरा पुरा गर्नु भएको छ भने प्रभुमा भरोसा राख्नुहोस् र प्रभुको प्रतिक्षा गनुहोस् ... उहाँले सधै समयमा गर्नुहुन्छ ।

आजको लागि प्रार्थना :

हे पिता, जब मलाई धीरजको आवश्यकता हुन्छ तब मलाई सहायता गर्नुहोस् । धीरजको परीक्षामा सफल हुनको लागि मलाई तपाईको विशेष अनुग्रह प्रदान गर्नुहोस् । मेरो साथ धीरज धारण दिनु भएकोमा धेरै-धेरै धन्यवाद ।

आजको लागि वचन :

याकुब ५ : ७ यसकारण भाई हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य धारण गर । हेर, भुमीको बहुमुल्य फसलको आशा राखेर किसानले अघिल्लो र पछिल्लो वर्षा नहोउञ्जेल धैर्य धारण गरेर पर्खिरहन्छ ।

भजनसंग्रह २७ : १४ परमप्रभुको प्रतिक्षा गर। बलिया होऊ, र तिम्रो हृदय सहासिलो होस्, र परमप्रभुकै प्रतिक्षा गर ।

## जीवनको चार परीक्षाहरु :चौथो नम्बरमा : समाप्तिको परीक्षा

कार्य सुरु हुन्छ र कार्य समाप्त पनि हुन्छ । यो जीवनको निश्चयता हो । उदाहरणको लागि एउटा जवान केटाको लिऔं जसको मगनी भै सकेको छ । जुन दिन त्यसले आफ्नो दुलहीको साथ नयाँ वाचा बान्दछ, उसको एक्लोजवान जीवन समाप्त हुन पुग्छ । यो त्यो अध्याय हो, जुन कुरा भएकोछ र मलाई विश्वास गर्नुहोस्, त्यहाँ एउटा परीक्षा आई पर्नेछ । हाम्रो जीवनमा यस्तो समय आउदछ जब हामी जुन कार्यमा व्यस्त थियौं त्यो अतित बन्छ र हामी त्यस माथि ध्यान दिनुको आवश्यकता रहदैन । यो समय सेवा निवृत्ती, स्थानान्तरण वा जीवन साथीको मृत्युद्वारा पनि आउन सक्छ । यी समयमा, आवश्यकता यो कि हामी जीवनको सम्पुर्णतालाई स्वीकार गरौं, अतितलाई सही दृष्टिकोणबाट हेरौं, भविष्यलाई अंकमाल गरौ र आउने परीक्षालाई तयारी रहौं, जुन निश्चय नै आँउनेछ ।

आजको लागि प्रार्थना :

हे पिता, मलाई मेरो जीवनको दौड विश्वासको साथ दौडनलाई सहायता गर्नुहोस् । जब एउटा काम पुरा हुन्छ एउटा नयाँ दिन वा नयाँ बोलावट हाम्रो सामुन्ने आँउदछ, सहासका साथ यी सबै अन्जान कुराहरुलाई अंकमाल गर्न मलाई सहायता गर्नुहोस्, कि यो थाहा गर्दै कि मेरो प्रत्येक कदममा तपाई मेरो साथ हुनुहुन्छ ।

आजको लागि वचन :

फिलिप्पी ३ : १३-१४ भाई हो, मैले यी सब पक्रि सकेको छु भनी म ठान्दिन तर म एउटा काम गर्दछु, कि पछाडिका कुराहरु बिर्सेर अगाडिका कुराहरुतिर जोड सँग लम्कदै ख्रिष्ट येशुमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अघि बढ्दछु ।

यशैया ४३ : १८-१९ "बितेका कुराहरुलाई भुल, उहीलेका कुराहरुलाई विचार नगर । हेर, म एउटा नयाँ कुरो गर्दैछु ! त्यो अब हुन आँउछ । के तिमीहरु त्यो देख्दैनौ ? म मरभुमिमा एउटा बाटो र रुखो जमिनमा खोलाहरु बनाउदैछु ।"

## नियन्त्रण पक्रिरहने भावनाको कारण हामी सिमित हुन पुग्छौ ।

पश्चिम देशका धेरै जसो मानिसहरु स्व-निर्भरता व्यवहारसँग हुर्केका हुन्छन् । कोही अर्काका अधिनतामा आउनु वा कोही अर्कोको विचारमा समर्थन गर्न उनको लागि धेरै कठिन हुन्छ । यहाँसम्म कि कठिन चुनौती जब उसलाई मिल्दछ तब उ यस्तो काममा सहभागी भएर जहाँ यसको केहि नियन्त्रण हुदै । सेनामा भर्ना भए देखि लिएर समाजिक भलाईको कार्यमा सहभागी हुन सम्म धेरै मानिसहरु त्यहाँ सहभागी हुनुभन्दा पहिले सबै कुरा नियन्त्रण गर्न चाहन्छन् ।

यो कुरा उनीहरुको लागि पनि विशेष चुनौती लिएर आँउदछ जो खीष्ट प्रति पुर्ण समर्पित छ । तिनीहरु उद्धारकर्ताको रुपमा उसलाई तुरुन्त स्वीकार गर्दछन् तर प्रभुको रुपमा स्वीकार गर्न डराउछन् । यद्दपि तपाईको जीवनको सिहासनमा एक भन्दा बढी व्यक्ति बस्ने स्थान छैन । के यो तपाई हो वा प्रभु हो ?

आजका लागि प्रार्थना :

हे पिता, मलाई सहायता गर्नुहोस् कि म आफ्नो जीवन नियन्त्रण छोड्दिन सकुँ र मेरो निर्णय प्रभु येशु, मेरो प्रभु र मुक्तिदाताको हातमा सुम्पिन सकुँ । मलाई तपाईको मार्ग सिकाउनुहोस् र म तपाईको अनुकरण गर्नेछु ।

आजको लागि वचन :

प्रेरित २ : ३६ " यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरि जानोस्, कि येशु, जसलाई तपाईहरुले क्रुसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रिष्ट बनाउनु भयो ।"

युहन्ना १४ : १५ "तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ ।"

याकुब ४ : ७ यसकारण आफैलाई परमेश्वरको अधिनमा राख । दियावलसको विरोध गर, र त्यो तिमीहरुबाट भाग्नेछ ।